# स्थानीय राजपत्र

## मायादेवी गाउँपालिका, रुपन्देहीद्वारा प्रकाशित

खण्डः ८ संख्याः ०४ मितिः २०८१/१०/२२

### भाग - २

### स्थानीय सरकार

### मायादेवी गाउँपालिका, रुपन्देहीको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम मायादेवी गाउँपालिकाको, गाउँ कार्यपालिकाले बनाएको तल उल्लेख भए बमोजिमको **"सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका वर्गहरूलाई सहयोग सम्बन्धी कार्यविधि, २०८१"** सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका वर्गहरूलाई सहयोग सम्बन्धी कार्यविधि, २०८१

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।१०।१९

**<u>प्रस्तावनाः</u>**

मायादेवी गाउँपालिका भित्र बसोबास गर्दै आएका जो जीवन निर्वाह गर्न धौ धौ परेका तथा पिछडिएका मानिसहरूलाई आर्थिक रूपमा सबलीकरण गराउनका निम्ति स्वास्थ्य बिमा तथा अन्य आयआर्जनका काम गर्न इच्छुक नागरिकहरूको सामाजिक संरक्षण, उत्थान र विकास, वातावरणीय सन्तुलन, वायु प्रदूषण नियन्त्रणका सामग्रीहरू वितरण, हरित पालिका निर्माण अभियान, धुवाँरहित पालिका निर्माणमा जनचेतना, विकास तथा वस्तुगत सहायता प्रदान, वातावरणीय, सशक्तीकरण, शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसरको प्रत्याभूति दिन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को आधारमा गाउँपालिकाको काम, कर्तव्य र अधिकार क्षेत्र भित्र सामाजिक सुरक्षा र गरिबी न्यूनीकरण गर्न सामाजिक सुरक्षा योजना र व्यवस्थापन गर्न यो कार्यविधि तयार गरिएको छ ।

आर्थिक रूपले विपन्नता भएका परिवारको पालनपोषण, हेरचाह, शिक्षा, स्वास्थ्य उपचार तथा संरक्षणका साथै विपदमा परेका व्यक्ति तथा परिवारका लागि आर्थिक विकासमा सहयोग उपलब्ध गराउन आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि तयार गरी लागू गरेको छ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>**

क. यो कार्यविधिको नाम **"सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका वर्गहरूलाई सहयोग सम्बन्धी कार्यविधि, २०८१"** रहेको छ ।

ख. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२. <u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. **"कार्यविधि"** भन्नाले सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका वर्गहरूलाई सहयोग सम्बन्धी कार्यविधि- २०८१ रहेको छ ।

ख. **"अध्यक्ष"** भन्नाले मायादेवी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

ग. **"उपाध्यक्ष"** भन्नाले मायादेवी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

घ. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले मायादेवी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ङ. जोखिममा परेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, असहाय ज्येष्ठ नागरिक, एकल महिला, हिंसा पीडित तथा प्रभावित व्यक्ति, मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावित भएका व्यक्ति, द्वन्द पीडित व्यक्ति, यौन दुर्व्यवहार र शोषणमा परेका, सडक जीवन जिउन बाध्य भएका, जोखिमपूर्ण व्यवसाय वा कामबाट उद्धार गरिएका, सामाजिक र शैक्षिक रूपमा पछाडि परेका, निरक्षर वातावरणीय प्रतिकुलित व्यक्ति, दैनिक जीवनयापनका लागि व्यवसाय स्थापनार्थ रकम अभाव भई आर्थिक सहायता आवश्यकता भएका व्यक्ति सम्झनुपर्छ ।

च. **"सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका वर्गहरूलाई सहयोग सम्बन्धी कार्यविधि, २०८१"** भन्नाले दैनिक गुजारा गर्न धौ धौ तथा वातावरणीय प्रभावमा परेका नागरिकहरूलाई माथि उठान गर्नको लागि विधिसंगत रूपमा सञ्चालन गरिने कार्यविधिलाई बुझिन्छ ।

छ. **"सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका वर्ग"** भन्नाले नेपाल सरकारको प्रचलित कानुन र नीति अनुसार विपन्न परिवार मानिएका परिवार वा दैनिक जीवनयापन गर्न कठिनाइ भएका आर्थिक रूपले विपन्न परिवार, निरक्षर, शैक्षिक रूपमा प्रभावित व्यक्ति, वातावरणीय रूपमा प्रभावित व्यक्ति सम्झनुपर्दछ । सो शब्दले गाउँपालिकाको सम्बन्धित वडा समितिले कमजोर वर्ग परिवार हो भनी सिफारिस गरिएका परिवार वा व्यक्तिलाई समेत जनाउँछ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त गरिब परिवार

पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गतको प्रारम्भिक सूचीबाट अति गरिब अन्तरगत परेकाहरूलाई समेत जनाउँछ ।

ज. **"वडा समिति"** भन्नाले गाउँपालिकाका सम्बन्धित वडाका वडा अध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य र वडा-सचिव सहितको समितिलाई जनाउँछ ।

झ. **"कार्यालय"** भन्नाले मायादेवी गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ।

**३. <u>कार्यविधिको उद्देश्यः</u>** यस कार्यविधिका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

क. सामाजिक, साँस्कृतिक, शैक्षिक तथा आर्थिक रूपमा पछि परेका वर्ग समुदायको विकासको निम्ति आर्थिक तथा प्राविधिक सहायता उपलब्ध गराउन ।

ख. वायु प्रदूषण नियन्त्रणका सामग्रीहरू वितरण गर्न ।

ग. जलवायु परिवर्तनको प्रतिकुल अवस्थालाई न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न ।

घ. राज्य प्रति नागरिकको अपनत्व विकास गर्न ।

ङ. धुवाँरहित पालिका निर्माणमा अभियानका कार्यक्रमहरू सञ्चालन गर्न।

च. विपन्न तथा पिछडिएका कमजोर वर्ग र आवाज विहीनहरूका लागि कार्यालय अभिभावकीय भूमिका रहेको महसुस गराउन ।

छ. गाउँपालिका प्रति नागरिकको अपनत्वको भावना विकास गर्न ।

ज. मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न ।

झ. गाउँपालिका भित्र जोखिम अवस्थामा रहेका स्वास्थ्य सुरक्षा र संरक्षकत्व आवश्यक भएका विपन्न परिवार कृषक एवं नागरिकको सहज जीवनयापन गर्नमा सहयोगी भूमिका प्रदान गर्न ।

ञ. सामाजिक उत्तरदायित्व, सामाजिक पुर्नउत्थान र न्यायपूर्ण समाज निर्माण गर्न ।

ट. गाउँपालिकाका कार्यक्रम सञ्चालनमा सहयोग पुर्‍याउने ।

ठ. गाउँ सभाबाट विनियोजित कार्यक्रमलाई पारदर्शी रूपमा सञ्चालन गर्न सहयोग पुग्ने ।

ड. सम्भाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुऱ्याउने ।

ढ. कृषि व्यवसायको उद्यमशीलता प्रवर्द्धन एवं व्यवसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सिपलाई लक्षित वर्गसम्म पुऱ्याउन सहयोग स्वरूप अनुदान प्रदान गर्ने ।

ण. प्रति इकाई उत्पादन वृद्धि तथा उत्पादन लागत घटाउने ।

त. युवा जनशक्तिलाई कृषि लगायतका पेसा व्यवसायमा आकर्षित गर्ने।

थ. कृषि आधुनिकीकरण, व्यवसायीकरण एवं प्रतिस्प्रधात्मक बनाई स्वरोजगारको अवसर सृजना गर्ने ।

## ४. <u>कार्यक्रम सञ्चालन हुने क्षेत्र</u>

क. घरेलु तथा उद्योग विकास, स्थानीय साना उद्योगको प्रवर्द्धन र विकास,

ख. लघु उद्यम विकास तथा स्थानीय विकास,

ग. तालिम, शिविर, गोष्ठी तथा परामर्श सेवा,

घ. एकीकृत सेवा तथा घुम्ती सेवा,

ङ. महिला, बालबालिका, अपाङ्ग तथा सामाजिक विकास,

च. बस्ती विकास तथा एकीकृत बस्ती निर्माण,

छ. सूचना प्रविधि तथा विद्युतीय सरकार कार्यक्रम,

ज. शिक्षा, स्वास्थ्य, कृषि/पशु विकास, पर्यटन, भौतिक पूर्वाधार,

झ. विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन,

ञ. खानेपानी तथा सरसफाइ, जलाधार संरक्षण,

ट. रोजगारी तथा स्वरोजगार सृजना,

ठ. सामाजिक संरक्षण, पुनःस्थापना र संरचना,

ड. वन तथा वातावरण भू-जलाधार संरक्षण,

ढ. संस्थागत विकास तथा सुशासन,

ण. सहकारी संस्थाहरूको विकास,

त. स्थानीय उत्पादनको सङ्कलन, प्रशोधन तथा बजारीकरण,

थ. बाँझो जग्गा उपयोग गरी गरिएका कृषि तथा पशुपालन,

द. कृषि यन्त्र तथा कृषि/पशु सामग्री खरिद,

ध. जलवायु परिवर्तन, खानेपानी मुहान संरक्षण,

न. धुवा रहित, प्रदूषण रहित पालिका निर्माण अभियान,

ऩ. वैकल्पिक ऊर्जा प्रवर्द्धन तथा विकास,

प. विपन्न नागरिक आवास निर्माण,

फ. हरित गाउँपालिका निर्माण अभियान र

ब. गाउँ कार्यपालिकाले आवश्यक ठानी निर्णय गरेका अन्य क्षेत्रहरूको पहिचान गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**५. <u>कार्यक्रम प्राथमिकताका क्षेत्रहरुः</u>**

क. विशेष संरक्षणको आवश्यकता भएका, जोखिममा परेका, आर्थिक दृष्टिले विपन्न परिवार, प्राकृतिक तथा मानवीय कारणबाट पीडित तथा प्रभावित र दाहसंस्कार लगायत दैनिक खर्च जुटाउन नसकेका परिवारका सदस्यलाई प्राथमिकता दिइनेछ । आर्थिक रूपले विपन्न सुत्केरी महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा असहाय अति विपन्न बालबालिका दलित, पिछडिएको वर्ग र अल्पसङ्ख्यक लोपोन्मुख, ज्येष्ठ विपन्न नागरिकलाई थप प्राथमिकतामा राखिनेछ ।

ख. बिरामी भएर आफ्नो औषधि उपचार गराउन समेत सक्षम नभएका वर्गलाई निःशुल्क स्वास्थ्य बिमा गरिदिने कार्यलाई प्राथमिकता दिइनेछ ।

ग. गरिब परिवार परिचय-पत्र वितरण कार्यविधि, २०७९ अनुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गतको

प्रारम्भिक सूचीबाट अति गरिब अन्तरगत परेकाहरूलाई (अति गरिब, मध्यम गरिब र सामान्य) क्रमशः प्राथमिकतामा राखिनेछ ।

घ. आर्थिक रूपमा आयआर्जन वृद्धिको लागि कृषि, फलफूल खेती, तरकारी खेती लगायतको कार्यक्रम, नगदे बाली उत्पादन, पशुपंक्षी पालनको लागि आर्थिक सहायता, घरेलु उद्यम विकासको लागि ढाकाको धागो, ढकिया, बाँसबाट निर्मित सामाग्री, आचार उत्पादन तथा पशु/कृषि विकासका कार्यक्रमहरू लगायतका विभिन्न सामाग्री र सीपमूलक तालिम आदिको सञ्चालन गर्ने प्रतिबद्ध नागरिकलाई कार्यक्रममा समावेश गरिने छ ।

ङ. परम्परागत रूपमा अँगाल्दै आएको पेसा गर्ने नागरिकलाई आधुनिक प्रविधि तथा उपकरण उपलब्ध तथा हस्तान्तरण गरेन कार्यलाई समावेश गरिने छ ।

च. लामो समय देखी परम्परागत चुलोको रूपमा गोबर गुइँठा, दाउरा प्रयोग गर्दै आएका आर्थिक, सामाजिक, शैक्षिक रूपमा पछि परेका नागरिकहरूलाई ग्याँस, चुलो, इन्डक्सन चुलो, सुधारिएको चुलो, गोबर ग्याँस लगायतका नागरिकको मागमा आधारित वस्तुगत सामग्री उपलब्ध गराउने कार्यक्रम समावेश गरिने छ ।

छ. हरित पालिका निर्माण अभियानका कार्यक्रमहरूलाई विशेष महत्त्व दिई कार्यान्वयनमा लगिने छ ।

ज. माथिका कार्यक्रम कार्यान्वयन गर्दा नागरिकहरूको आवश्यकताको आधारमा नगद वा जिन्सी सामान र अन्य सेवा प्रदान गरिनेछ ।

## ६. कार्यान्वयन चरणहरुः

क. आवश्यकता पहिचान,

ख. नागरिकहरूबाट माग सङ्कलन,

ग. सम्भावित लाभग्राहीको सूचि (सूचना प्रकाशन गरी),

घ. प्रस्तावना स्वीकृति,

ङ. खरिद प्रक्रिया अवलम्बन,

च. बस्तुगत नगद तथा जिन्सी सामाग्री हस्तान्तरण,

छ. अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण,

ज. भुक्तानी र

झ. अभिलेख व्यवस्थापन ।

## ७. कार्यक्रम कार्यान्वयन प्रक्रियाः

क. कार्यक्रम सञ्चालनको लागि सर्वप्रथम प्रस्ताव आह्वानका लागि १५ दिने सूचना प्रकाशन गरी आवेदन सङ्कलन गरिनेछ ।

ख. व्यक्तिको निवेदन, वडाको सिफारिस आर्थिक तथा सामाजिक वर्ग उत्थान तथा विकास कार्यक्रमको लागि निर्माण गराइएको चेकलिष्ट सहितको विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

ग. गाउँपालिकाको कृषि, पशु र रोजगार शाखा तथा विषयगत शाखाले स्थलगत अनुगमनको प्रतिवेदन तयार गरी गाउँपालिकाको कार्यक्रम कार्यान्वयन समिति समक्ष पेश गर्नेछ ।

घ. पेश भएका निवेदन उपर कार्यक्रम कार्यान्वयन समितिबाट निर्णय बमोजिम छनौट भएका लाभग्राहीहरू दाबी विरोधको लागि ७ दिने सूचना प्रकाशन गर्ने ।

ङ. उक्त कार्यक्रम सञ्चालनको लागि छनौट भएका लाभग्राहीहरूसँग पशु बस्तु, कृषि सामाग्री तथा अन्य सामाग्री वितरण गर्न दुई पक्षीय सम्झौता गरिनेछ ।

च. छनौट भएका लाभग्राहीहरूले तोकिएको कृषि सामाग्री, पशु बस्तु तथा दैनिक जीविकोपार्जनका लागि आवश्यक सामग्री खरिद गरेको बिल, फोटो, भरपाई, हस्तान्तरणका फोटो वडाको भुक्तानी वा कार्य सम्पन्न सिफारिस लगायतका कागजातको आधारमा कार्य सम्पन्न फरफारक गरिनेछ ।

छ. बिमा गराउने भएमा बिमा गराउने दायित्व लाभग्राहीको हुनेछ ।

**८. <u>कार्यक्रम सञ्चालन मोडलः</u>**

क. कमजोर वर्गलाई निःशुल्क रूपमा वस्तुगत तथा प्राविधिक सहायता उपलब्ध गराउने ।

ख. लाभान्वित वर्गको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने ।

ग. अन्य संस्था, NGO/INGO मार्फत साझेदारी कार्यक्रम सञ्चालन गर्ने ।

घ. बहुपक्षीय क्षेत्रहरूसँग संयोजन गरी साझा कार्यक्रमहरू सञ्चालन गर्ने।

ङ. व्यक्ती/संस्था वा लाभान्वित वर्गले आफैले कार्यक्रम गर्ने ।

च. सार्वजनिक खरिद ऐन तथा अन्य प्रचलित कानुनबमोजिम अन्य तरिका ।

**९. <u>अपेक्षित उपलब्धीः</u>**

क. पिछडिएका, सीमान्तकृत तथा आर्थिक रूपले पछि परेका वर्गहरूको उत्थान हुनेछ ।

ख. गरिबीको कारण उद्यम गर्न नसक्ने वर्गहरूलाई उत्थान गरी स्वरोजगार बनाइनेछ ।

ग. सामाजिक न्याय र समानता ल्याइनेछ ।

घ. आर्थिक रूपमा संवृद्धि ल्याउन सहयोग गर्नेछ ।

ङ. शिक्षा, स्वास्थ्य, रोजगारीमा परिवर्तन ल्याउन सहयोग गर्नेछ ।

च. गाउँपालिका प्रतिको धारणामा सकारात्मक प्रभाव ल्याउनेछ ।

छ. नागरिकहरूमा दिर्घ जिवनको लागि सहयोग पुऱ्याउनेछ ।

**१०. <u>कार्यक्रम कार्यान्वयन समितिः</u>** कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नको लागि तपसिलको अनुसारको समिति रहने छः

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | -संयोजक |
| गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| कार्यपालिकाको सम्बन्धित विषयगत समितिको प्रमुख | -सदस्य |

कार्यक्रमसँग सम्बन्धित विषयगत शाखा प्रमुख -सदस्य सचिव

**११. कार्यक्रम कार्यान्वयन समितिको काम,कर्तव्य र अधिकारहरू :**

क. वडाबाट छनौट गरी पठाइएका नामावलीलाई अन्तिम जाँचबुझ गरी सूचीकरण गर्ने ।

ख. विपन्न वर्ग उत्थान सम्बन्धी कार्यक्रममा विनियोजित बजेटको कार्यान्वयन गर्ने र कार्य योजना स्वीकृत गर्ने ।

ग. प्रभावकारिताको लागि अनुगमन गरी पृष्ठपोषण दिने ।

घ. अनुगमन मूल्याङ्कन प्रतिवेदन सहित कार्यक्रमको समीक्षा गर्ने ।

ङ. विपन्न नागरिकहरूलाई अनुगमनको क्रममा सल्लाह सुझाव, उत्प्रेरणा तथा रचनात्मक कार्यक्रम कार्यान्वयनको लागि हौसला प्रदान गर्ने ।

**१२. विपन्न वर्ग छनौटका आधार वा मापदण्डहरू :**

क. गरिब परिवार परिचय-पत्र वितरण कार्यविधि, २०७९ अनुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गतको प्रारम्भिक सूचीबाट अति गरिब अन्तरगत परेकाहरूलाई (अति गरिब, मध्यम गरिब र सामान्य) क्रमशः प्राथमिकतामा राखिनेछ ।

ख. नेपाल सरकारबाट गरिबको परिचय पत्र प्राप्त व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ ।

ग. गाउँपालिकाको आयोजनामा श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम अन्तर्गत विपन्न वर्ग सचेतना तथा सम्मान कार्यक्रममा सहभागी भएका घरपरिवार ।

घ. कृषि उत्पादनबाट ३ महिना भन्दा कम खान पुग्ने घर परिवार ।

ङ. घर मुली एकल महिला भएको ।

च. एकाघरमा रोजगार वा स्वरोजगारीमा संलग्न नभएको घरपरिवार ।

छ. शहिद परिवार भएको घरपरिवार ।

ज. भूमिहीन सुकुम्वासी घरपरिवार ।

झ. गरिब, विपन्न तथा लोपोन्मुख भनी नेपाल सरकारद्वारा तोकिएको व्यक्ति वा घरपरिवार ।

ञ. आर्थिक र सामाजिक रूपले पछि परेको वर्ग भनी वडा कार्यालयबाट सिफारिस गरेको व्यक्ति वा घरपरिवार ।

ट. दिर्घरोगी भएको घरपरिवार ।

ठ. पालिकाले पहिचान गरेको अन्य विविध उत्पीडित तथा उपेक्षित वर्ग, आर्थिक सामाजिक रूपले पछि परेको वर्ग/समुदायहरू ।

ड. अन्य केही भएमा खुलाउने ।

**१३. <u>बैठक, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः</u>**

यस कार्यक्रमको अनुगमन, मूल्याङ्कन र प्रतिवेदन गाउँपालिकाले त्रैमासिक रूपमा अनुगमन गर्नेछ र सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

**१४. <u>पारिश्रमिक, सेवा सुविधा :</u>**

कार्यक्रमको सम्बन्धमा बैठक, अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन लेखनको कार्य गर्दाको पारिश्रमिक गाउँपालिकाको आर्थिक कार्य प्रणाली सम्बन्धी सभाले निर्णय गरे बमोजिम हुनेछ ।

**१५. <u>थपघट वा हेरफेर गर्न सक्ने :</u>**

क. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर गर्न सक्नेछ ।

ख. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

ग. यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरूको निर्माण तथा परिमार्जन गाउँपालिकाले गर्न सक्नेछ ।

घ. यस कार्यविधिमा लेखिएका प्रावधान सङ्घीय, प्रादेशिक ऐन नियम, कार्यविधिसँग बाझिएमा सोही बमोजिम हुनेछ ।

ङ. यो कार्यविधि आवश्यकता अनुसार कार्यान्वयन गर्दै लगिनेछ ।

आज्ञाले

**लेखनाथ पोखरेल**

प्रमुख प्रशासकीय अधिकृत